# DAILY NEWSLETTER

As of Dec 24, 2025

सर्वगुण Investor's Club..

A Comprehensive Technical Analysis by SARBAGUNA INVESTMENT

## अनिश्चित राजनीतिक वातावरणले नेप्से सुस्त, लगानीकर्ता पर्ख र हेरको अवस्थामा




आजको कारोबारमा नेप्से सूचक २५८५ अंकबाट खुलेको थियो। सुरुवाती समयमा बजारले हल्का सकारात्मक गति लिँदै २५९३ अंकसम्मको इन्ट्राडे उच्च विन्दु बनायो। तर माथिल्लो स्तरमा बिक्री दबाब बढेपछि सूचक २५७७ अंकसम्म झरेको देखियो।

कारोबारको अन्त्यतिर बजारले केही सुधार गर्दै २५८५ अंकमै बन्द भयो। यससँगै नेप्सेले १.३७ अंकको सामान्य वृद्धि दर्ता गरेको छ। आजको कुल कारोबार रकम ३ अर्ब रुपैयाँभन्दा माथि रहेको छ, जसले बजारमा सहभागिता राम्रो रहे पनि लगानीकर्ताको आत्मविश्वास भने अझै बलियो नभएको संकेत गर्दछ।

### प्राविधिक विश्लेषण

| | |
|---|---|
| 20D MA | वजार २०D MA भन्दा Below छ । |
| MACD | नेप्सेमा हाल MACD मा Buying (Weak) देखिएको छ । |
| RSI | RSI 43 पुगेको देखिन्छ । |

| | |
|---|---|
| Support | 2560-2530 |
| Resistance | 2690-2680 |

समग्रमा, आजको बजार अवस्था ‘Wait and Watch’ (पर्खेर हेर्ने) मनोवृत्तिमा रहेको देखिन्छ। पर्याप्त कारोबार हुँदाहुँदै पनि सूचकले स्पष्ट दिशा लिन नसक्नु लगानीकर्ताबीचको अनिश्चितताको द्योतक हो। यसमा मुख्य रूपमा राजनीतिक अनिश्चितताले प्रभाव पारेको देखिन्छ, जसका कारण लगानीकर्ता नयाँ निर्णय लिन हिच्किचाइरहेका छन्।

राजनीतिक अवस्था स्पष्ट नहुन्जेलसम्म नेप्से सूचक सीमित दायराभित्र (range-bound) नै कारोबार हुने सम्भावना देखिन्छ, जहाँ लगानीकर्ताहरू महत्वपूर्ण समर्थन (support) र प्रतिरोध (resistance) स्तरलाई नजिकबाट नियालिरहेका छन्।

डिस्क्लेमर: यो विश्लेषण जानकारीका लागि मात्र हो, लगानी सल्लाह होइन।